मिति २०८१।३।९ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थान: तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मिति: २०८१।३।९ गते।

बैठक बसेको समय: दिउसो ६.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |

श्री चन्द्रिका थापा    कार्यालय सहयोगी

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
|---|---|---|
| १. | ऐन, नियम, नियमावली, कार्यविधि र निर्देशिका अनुमोदन गरी गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| २. | खर्च अनुमोदन गरी गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ३. | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत, अनुमोदन गरी गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ४. | भ्रमण आदेश स्वीकृत तथा अनुमोदन गरी गरी गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ५. | हालसम्म भएका कार्यपालिका निर्णयहरू अनुमोदनका लागि गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ६. | थप गरिएका कर्मचारी दरवन्दी अनुमोदन गरी गाउँसभामा पेस गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| ७. | मुख्य सडकमा ग्राभेल गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा |
| | विविध। | सबै। |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको कार्यपालिकाले निर्माण गरेका सम्पूर्ण ऐन, नियम, नियमावली, कार्यविधि र निर्देशिका अनुमोदन गर्नको लागि गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा भएका विभिन्न कार्यहरुमा भएका सम्पूर्ण खर्च अनुमोदन गरी स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८० श्रावण १ गतेदेखि हालसम्म भएका कामको कार्यसम्पन्न प्रतिवेदन स्वीकृत, अनुमोदन गरी गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाका अध्यक्षज्यू र प्रमुख प्रशासकीय अधिकृतद्वारा आफैले भ्रमण आदेश स्वीकृत गरी भए गरेका सम्पूर्ण भ्रमण आदेश र सोही बमोजिमको भ्रमण खर्च स्वीकृत तथा अनुमोदन गरी गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।



CamScanner

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको हालसम्म भएका कार्यपालिका निर्णयहरू अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यपालिकाद्वारा थप गरिएका कर्मचारी दरबन्दी अनुमोदनका लागि गाउँसभामा पेस गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको मुख्य सडक जौखोरियादेखि चकमके हुदै वडा नं. ९ को थानीथानसम्म, चकमके हुदै बाहुनतिल्पूङ, तोश्रामखोला वडा कार्यालयसम्म, वडा नं ४ को वडा कार्यालय लुभुसम्म र वडा नं १० को वडा कार्यालयसम्म तत्काल ट्रयाक्टर भाडामा लिई गाउँपालिकाको ब्याक हो लोडर प्रयोग गरी ग्राभेल गर्न आन्तरिक श्रोतबाट खर्च गरी काम गर्ने गराउने निर्णय सर्वसम्मत पारित गरियो।

**बिबिधः**

क. आ.व. २०८०।०८१ मा भएको राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम आयोजना तथा सञ्चालनका क्रममा घाइते भएका श्री माध्यमिक विद्यालय तीनपाटन ४ सान्धानेका खेलाडी श्री ममता गुर्मछानेलाई उपचार खर्चबापत रु १००००।- (अक्षेरेपी दश हजार रुपैया मात्र) कर्मचारी उपचार शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ख. यस गाउँपालिकासँग साझेदारीमा काम गर्दै आइरहेको साझेदार संस्था नेवाले साझेदारीमा काम गर्न गरेको प्रस्ताव बमोजिम नेवासँगको साझेदारीमा उपभोक्ताले गर्ने जनश्रमदान बाहेक अधिक्तम २०% सम्म मात्र साझेदारी गर्न सकिने निर्णय सर्वसम्मत पारित गरियो।

ग. यस तीनपाटन गाउँपालिका वडा नं. ३ बस्ने वडा सदस्य श्री मनु बिश्वकर्मा बिरामी भई उपचाररत रहेकोले वहाको शिघ्र स्वास्थ्यलाभको कामना सहित उपचार खर्च बापत रु३००००।-(अक्षरेपी तीस हजार रुपैया मात्र) गाउँपालिकाबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



CamScanner